स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाहको निर्माणमा तयार हुन लागेको चलचित्र "यानीमाया"को छायांकन शुक्रबारदेखि आरम्भ भएको छ। काठमाडौंको गागलफेदीस्थित फिल्म स्टुडियोमा शुभसाइत गर्दै छायांकन थालिएको हो। निर्माणपक्षका अनुसार यस चलचित्रको छायांकन ३५ दिनमा सकिनेछ। ओम प्रतिकको लेखन तथा निर्देशनमा बन्न लागेको चलचित्रमा पल शाह, अञ्जना मगर, शिशिर वाङ्देल लगायतका थुप्रै कलाकारको अभिनय रहनेछ।

**आजको विचार...**



साभा... (दुई पेजमा)

डा. ठाकुरमोहन श्रेष्ठ

अभिनेत्री रेखा थापाको निर्देशकीय कमब्याक फिल्म "माया भनेकै यस्तो होला"को टिजर सार्वजनिक गरिएको छ। सार्वजनिक १ मिनेट १८ सेकेण्ड लामो टिजरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे प्रकाश पारेको छ। प्रेम र बाध्यताको चेपुवामा परेका एक पात्रको जीवनमा आउने उतारचढावलाई टिजरमा देखाउन खोजिएको छ। उनको तीन युवतीसँग प्रेम देखिएको छ। सृष्टि श्रेष्ठ र नीति शाहसँग उनको विवाह भएको समेत देख्न सकिन्छ।



❒ वर्ष ३२ ❒ अंक ३१ ❒ २०८३ साउन ३१ गते आइतबार 16 August 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### तीन जना मृत फेला

**पाल्पा,** साउन ३०/ देशका विभिन्न स्थानमा तीन जना मृत अवस्थामा फेला परेका छन् । नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार नवलपरासी, रोल्पा र मोरङमा तीन जना व्यक्ति मृत फेला परेका हुन् ।

नवलपरासी पूर्व, बुलिङटार गाउँपालिका-६ धासीस्थित कालीगण्डकी नदीमा हाल नाम, थर र वतन नखुलेका पुरूष मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । त्यस्तै, रोल्पाको रोल्पा नगरपालिका-८ जमकोटस्थित वडा कार्यालय नजिकै सोही ठाउँ बस्ने २६ वर्षीय सन्तोष परियार शुक्रबार मृत अवस्थामा फेला परेका छन् । यस्तै मोरङको उर्लाबारी नगरपालिका-८ सिर्जना टोलस्थित धान खेतमा झापा दमक नगरपालिका-१० बस्ने ६२ वर्षीय पञ्जाव सिंह लिम्बु शनिबार मृत अवस्थामा फेला परेका हुन् । तीन वटै घटनाको विषयमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# गुल्मीमा मकैको डाँठबाट गुड र खुदो उत्पादन

***मकैको डाँठबाट निकालिएको रसबाट तयार गरिएको खुदो उखुबाट बनेको खुदोजस्तै देखिने र खाँदा पनि स्वादिष्ट रहेको छ । परीक्षण सफल भएपछि उत्पादित खुदोको गुणस्तर तथा खाद्य सुरक्षासम्बन्धी परीक्षणका लागि खाद्य विभागअन्तर्गत प्रयोगशालामा परीक्षणका लागि पठाउने तयारी गरिएको छ ।***

**राष्ट्रिय समाचार समिति ——**
**गुल्मी,** साउन ३०/ यहाँ मकैको हरियो डाँठबाट गुड र खुदो उत्पादनको सफल परीक्षण गरिएको छ । गुल्मीको रेसुङ्गा नगरपालिकाले पहिलोपटक मकैको डाँठबाट रस निकालेर खुदो बनाउने प्रविधिको परीक्षण गरेको हो ।

रेसुङ्गा-३ स्थित भाँडागाउँमा इन्टरनेसनल एसोसिएसन अफ एग्रीकल्चरल स्टुडेन्ट्स (आइएएएस)को सहजीकरणमा स्थानीय जातको मकै र सिपी मकैको डाँठ प्रयोग गरी रस निकालेर गुड तथा खुदो उत्पादनको परीक्षण गरिएको नगरपालिकाले जनाएको छ । परीक्षणका क्रममा मकैको डाँठबाट निकालिएको रसबाट तयार गरिएको खुदो उखुबाट बनेको खुदोजस्तै देखिने र खाँदा पनि स्वादिष्ट रहेको रेसुङ्गा नगरपालिका प्रमुख खिलध्वज पन्थीले बताए । उनका अनुसार परीक्षण सफल भएपछि उत्पादित खुदोको गुणस्तर तथा खाद्य



सुरक्षासम्बन्धी परीक्षणका लागि खाद्य विभागअन्तर्गत प्रयोगशालामा परीक्षणका लागि पठाउने तयारी गरिएको छ ।

उक्त प्रयोगशालाको परीक्षणबाट खानाका लागि उपयुक्त छ भन्ने सकारात्मक नतिजा आएमा मकैको डाँठबाट खुदो र गुड उत्पादनलाई व्यावसायिक रूपमा अगाडि बढाइने नगरप्रमुख पन्थीले बताए । उनले अहिले प्रारम्भिक रूपमा परीक्षणमात्रै गरिएको उल्लेख गर्दै प्रयोगशालाको रिपोर्टका आधारमा आगामी कार्यक्रम तय गरिने जानकारी दिए । नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा नवप्रवर्तन तथा उद्यमशीलता कार्यक्रमअन्तर्गत यस्ता कार्यक्रमलाई अघि बढाउन लागिएको नगरप्रमुख पन्थीको भनाइ छ ।

"प्रयोगशाला परीक्षणबाट गुणस्तरीय छ भन्ने जानकारी आएपछि यसलाई व्यावसायिक रूपमा अगाडि बढाउनका लागि नगरबाट आवश्यक उपकरण उपलब्ध गराउँछौं", उनले भने । विश्वभरका कृषि तथा वातावरण विषयका विद्यार्थीलाई जोड्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आइएएएसअन्तर्गत नेपाल शाखा भैरहवाका परियोजना उपाध्यक्ष निर्मला सुवेदीले स्थानीय विद्यार्थीको सहयोग तथा समन्वयमा मकैको डाँठबाट कम चिनी भएको गुड तथा खुदो उत्पादनको सफल परीक्षण गरिएको बताए । गाउँघरमा मकै पाकेपछि त्यत्तिकै खेर गइरहेका डाँठलाई उपयोग गरेर आम्दानीको स्रोत बनाउनका लागि यो प्रविधि निकै उपयोगी हुने रेसुङ्गा-३ का वडाध्यक्ष बाबुराम खत्रीले बताए । मकैको डाँठबाट पनि यसरी खुदो र गुड उत्पादन भएको देखेपछि स्थानीय उत्साहित भएका उनको भनाइ छ ।

## बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघि:**

-स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
-खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
-घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
-आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
-जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

**बाढी पहिरो आएमा:**

-अनावश्यक हिंडडुल नगरौं,
-सुरक्षित स्थानतर्फ जाऔं,
-विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
-खोलानाला सुरक्षित तवरले तरौं,
-अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
-घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## अवैध लागूऔषध सहित विभिन्न स्थानबाट २६ जना पक्राउ

**पाल्पा,** साउन ३०/देशका विभिन्न स्थानबाट अबैध लागूऔषध सहित २६ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार तनहुँ, उदयपुर, कैलाली, ललितपुर, झापा, धनुषा, बर्दिया, मोरङ, कास्की लगायतका जिल्लाबाट अबैध लागूऔषध सहित २६ जना पक्राउ परेका हुन् ।

उदयपुरको कटारी नगरपालिका-३ बाट नियन्त्रित लागूऔषध टापेन्टाडोल ६१ ट्याब्लेट सहित सोही ठाउँ डेरा गरी बस्ने १९ वर्षीय सलम खान समेत २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै तनहुँको



ब्यास नगरपालिका-९ माझफाँट बस्ने ३० वर्षीय मनोज थापा समेत २ जनालाई अवैध लागूऔषध गाँजा सहित प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय तनहुँबाट खटिएको प्रहरीले मनोजको घर तलासी गर्दा उक्त गाँजा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सामाजिक सञ्जालको सही प्रयोग गरौं

नेपालमा पछिल्लो समयमा सामाजिक सञ्जालका प्रयोगकर्ता बढेका छन् । फेसबुक, ट्वीटर, टिकटक जस्ता सामाजिक सञ्जाल अहिले व्यापक बनेका छन् । सूचना प्रविधिको नयाँ माध्यमप्रतिको यस किसिमको चासो राम्रो पक्ष हो । पहिले जस्तो अब सञ्चार प्रवाहका लागि रेडियो, टेलिभिजन, पत्रपत्रिकाको भर परिरहनुपर्ने आवश्यकता छैन् । अहिले त जसले जुनसुकै बेला पनि कुनै पनि समाचारलाई विश्वभरि फैलाइदिन सक्ने भएको छ ।

खासगरी फेसबुक र ट्वीटरले यस किसिमका सुविधा उपलब्ध गराएपछि यो सम्भव भएको हो । यसलाई विज्ञानको वरदानका रूपमा सदुपयोग गरेमा संसारमा सकारात्मक परिवर्तन आउने छ भने दुरुपयोग गरिदिएमा क्षणभरमै अकल्पनीय दुर्घटना पनि निम्तिन सक्छ । डिजिटल युगको सबैभन्दा सरल र सहज माध्यम सामाजिक सञ्जाल बहुआयामिक लाभका माध्यम बनेका छन् । साथीभाइ, परिवार, आफन्तजनसँग सञ्चार सम्पर्क गर्न सामाजिक सञ्जालले अपूर्व अवसर दिएको छ । सामाजिक सञ्जाल शिक्षा र जानकारी विस्तारमा उपयोग भइरहेको छ । सूचना, मनोरञ्जन, ताजा जानकारी आदानप्रदानसँगै सिप प्रवर्द्धन, व्यापारिक लाभ आदिका निम्ति सामाजिक सञ्जाल उपयोगी छ । यसबाट धेरैले बौद्धिक तथा प्राज्ञिक लाभसमेत लिएका छन् । मानव सभ्यताको विकासक्रममा सामाजिक सञ्जाल अनेक तवरले उपयोगी हुँदाहुँदै पनि दुरुपयोगसमेत व्यापक हुन थालेको छ । यो अत्यन्त दुखको कुरा हो । भ्रम फैलाउने, अपराध बढाउने, ठगी गर्नेदेखि अरूको मानमर्दन गर्नेलगायतका सञ्जाल दुरुपयोगका अनेक दुष्कार्यले सबैतिर हैरानी बढाएको छ । यस्ता दुष्कार्यले ठाउँ पाउनु दुखद् हो । दुरुपयोगले सकारात्मकभन्दा नकारात्मक विचार प्रवाह हुने र त्यसले समग्र समाजलाई अनैतिक र भ्रष्ट पार्ने पक्का छ । यसको दुरुपयोग बढ्दै गयो भने ठूला (ठूला दुर्घटना पनि हुनसक्ने सम्भावना रहन्छ । पछिल्लो घटनाका रूपमा मेडिकल व्यवसायी दुर्गा प्रसाईलाई लिन सकिन्छ । सामाजिक सञ्जाल दुरुपयोग गरी अपराध गरेको आरोपमा उनलाई पक्राउ गरिएको छ । किर्ते कागजात प्रयोग गरी प्रधानमन्त्री केपी शर्मा ओलीमाथि गम्भीर आरोप लागेको छ । यस्तो हुनु राम्रो होइन । सामाजिक सञ्जाल आफैँमा एउटा माध्यम मात्रै हुन्, ती आफैँमा खराब हुन् भन्न सकिँदैन । तिनलाई खराब र राम्रा बनाउने उत्पादक, प्रयोगकर्ता र नियामकले हो । सामाजिक सञ्जाल पनि सूचना सञ्चारको एउटा स्वरूप अवश्य हो तर मूलतः सामाजिक सञ्जाल नै भएकाले यसको प्रयोग समाज जोड्न हुनु पर्छ, भत्काउन र भड्काउन होइन । तसर्थ सामाजिक सञ्जाललाई सही रुपमा प्रयोग गरौं सभ्य र सुसंस्कृत समाज, राष्ट्र निर्माण गरौं ।

### Opinion @ Social Network

मन मिलेर जोडेका सम्बन्धहरू कदापि टुट्दैनन
स्वार्थ मिलेर जोडेका सम्बन्धहरू कदापि टिक्दैनन ।
*(सुमन रेगामीको फेसबुक स्टाटसबाट www.facebook.com/Suman.Regami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# साझा भविष्यको खोज : विश्व व्यवस्था, एसिया र नेपालको भूमिका



डा. ठाकुरमोहन श्रेष्ठ

विश्व व्यवस्था बदलिँदै छ । प्रश्न शक्ति कसको हातमा पुग्छ भन्नेमात्र नभएर त्यसले विश्वलाई कस्तो बनाउँछ भन्ने पनि हो । शक्ति सन्तुलन, प्रविधि, अर्थतन्त्र, जलवायु र जनसांख्यिकीमा भइरहेको परिवर्तनले २०औं शताब्दीमा बनेका अन्तर्राष्ट्रिय संस्था र शक्ति सम्बन्धको प्रासंगिकतामाथि पनि प्रश्न उठाएको छ । एकुवीयताबाट बहुवीयता हुँदै बहुस्तरीय व्यवस्थातर्फको संक्रमणले सुरक्षा, विकास, लोकतन्त्र र सार्वभौमिकतालाई पुनर्विचार गर्न बाध्य पारेको छ । चुनौती पुरानो व्यवस्था अस्वीकार गर्नु नभई बदलिँदो विश्वअनुकूल शक्ति, जिम्मेवारी, न्याय र मानवहितबीच नयाँ सन्तुलन खोज्नु हो । यसमा एसियाको बढ्दो भूमिका र नेपालजस्ता साना राष्ट्रको स्थान महत्त्वपूर्ण हुन्छ । विश्व शक्ति प्रतिस्पर्धाको मैदानमात्र होइन सहकार्य, सहअस्तितव र साझा भविष्यको सम्भावना पनि हो ।

**विश्व व्यवस्था बहुवीयताभन्दा बहुस्तरीयतातर्फ**

दोस्रो विश्वयुद्धपछि बनेको अन्तर्राष्ट्रिय व्यवस्थाले संयुक्त राष्ट्रसंघ, वित्तीय संस्था र बहुपक्षीय सहकार्यलाई विश्व शान्ति र विकासको आधार बनायो । तर विश्व एकुवीयताबाट बहुवीयता हुँदै विभिन्न शक्ति, क्षेत्र, संस्था, प्रविधि र गैरराज्य पात्रको प्रभाव रहने बहुस्तरीय विश्व व्यवस्थातर्फ बढिरहेको छ । यस व्यवस्थामा शक्ति राष्ट्रहरूमा मात्र केन्द्रित हुँदैन । क्षेत्रीय शक्ति, अन्तर्राष्ट्रिय संस्था, प्रविधि, बजार र गैरराज्य पात्रबीच अनेक तहमा शक्ति बाँडिन्छ । अमेरिका-चीन प्रतिस्पर्धा व्यापार, प्रविधि, आपूर्ति शङ्खला र रणनीतिक प्रभावसम्म फैलिएको छ । चीन-रूस सम्बन्ध निकट छ । भारतले अमेरिका तथा पश्चिमसँग सहकार्य बढाउँदै रूस, ब्रिक्स र ग्लोबल साउथसँग पनि सम्बन्ध राखेर रणनीतिक स्वायत्तता खोजिरहेको छ । युरोपेली संघले व्यापार, प्रविधि, नियमन र जलवायु नीतिमार्फत आफ्नो प्रभाव विस्तार गरिरहेको छ । पाकिस्तान, टर्की र साउदी अरबबीचको मक्का संयुक्त रक्षा सम्झौताले क्षेत्रीय शक्ति समीकरणमा नयाँ प्रवृत्ति देखाउँछ । विश्व व्यवस्था अब शक्तिको बाँडफाँटमात्र नभएर साना राष्ट्रहरूको सार्वभौमिकता, नीति स्वतन्त्रता र भविष्य निर्धारण गर्ने अधिकारसँग पनि जोडिएको प्रश्न भएको छ । शक्ति, जिम्मेवारी, प्रतिनिधित्व र सहकार्यबीच सन्तुलन आवश्यक छ ।

**सुरक्षा, अर्थतन्त्र र प्रविधिको नयाँ सम्बन्ध**

एक्काइसौं शताब्दीमा राष्ट्रिय सुरक्षा सीमा र सैन्य शक्तिमा मात्र सीमित छैन । आर्थिक, ऊर्जा, मानव, खाद्य, जल, वातावरणीय, स्वास्थ्य, साइबर, सूचना, कृत्रिम बुद्धिमत्ता (एआई), आपूर्ति शृङ्खला, रणनीतिक पूर्वाधार, अवैध वित्तीय प्रवाह र संगठित अपराध यसका अभिन्न आयाम बनेका छन् । सुरक्षा र अर्थतन्त्रबीचको परम्परागत विभाजन मेटिँदैछ । व्यापार, प्रविधि, लगानी, वित्त र आपूर्ति शृङ्खला भूराजनीतिक अर्थतन्त्रका उपकरण बनेका छन् । अमेरिका-चीन प्रतिस्पर्धामा प्रविधि र आपूर्ति शृङ्ख्लामाथिको निर्भरता घटाउने प्रयासले आर्थिक सम्बन्धलाई रणनीतिक शक्तिमा रूपान्तरण गरेको छ । विश्व वित्तीय व्यवस्थामा स्थानीय मुद्रा र वैकल्पिक सीमापार भुक्तानीको प्रयास बढे पनि डलरको भूमिका बलियो छ । वित्तीय विविधीकरणले निर्भरता र जोखिम घटाउन सक्छ तर नयाँ प्रतिस्पर्धा पनि जन्माउन सक्छ । नेपालका लागि बेल्ट एन्ड रोड इनिसिएटिभ, मिलेनियम च्यालेन्ज कर्पोरेसन, स्टेट पार्टनरसिप प्रोग्रामलगायत बाह्य साझेदारीलाई राजनीतिक ुवीकरणभन्दा माथि उठेर राष्ट्रिय हित, पारदर्शिता, सार्वभौमिक निर्णय क्षमता, सुरक्षा संवेदनशीलता र दीर्घकालीन लाभका आधारमा मूल्याङ्कन गर्नुपर्छ । एआई, साइबर जोखिम, दुष्प्रचार र डेटा नियन्त्रणले शक्ति-समीकरण बदल्दैछन् । भविष्यको शक्ति सैन्य वा आर्थिक आकारले मात्र होइन, प्रविधि, डेटा, ज्ञान र नवप्रवर्तनको क्षमताले पनि निर्धारण गर्नेछ । संयुक्त राष्ट्र विकास कार्यक्रमको मानव विकास प्रतिवेदन (सन् १९९४) ले सुरक्षाको अवधारणालाई भूभाग र हतियारबाट मानव जीवन, गरिमा र विकासतर्फ विस्तार गरेको थियो । आजका परस्पर जोडिएका जोखिमले यसलाई अझ व्यापक बनाएका छन् । त्यसैले आधुनिक राष्ट्रिय सुरक्षा मानवकेन्द्रित, समग्र र पूर्वसावधानीमा आधारित राष्ट्रिय क्षमता हो । नेपालजस्ता साना मुलुकले रणनीतिक निर्भरता घटाउँदै ऊर्जा, खाद्य, डिजिटल र आपूर्ति सुरक्षामा लचिलोपन बढाउनुपर्छ । साथै, विदेशी सैन्य सेवामा नागरिकको संलग्नताबारे सार्वभौमिकता, नागरिक दायित्व र राष्ट्रिय सुरक्षासँग मिल्ने स्पष्ट कानुनी तथा कूटनीतिक मापदण्ड आवश्यक छ ।

**विकास, लोकतन्त्र र नयाँ पुस्ताको प्रश्न**

आर्थिक वृद्धिमात्र विकासको सम्पूर्ण मापदण्ड होइन । बजार, प्रविधि र विश्वव्यापीकरणले अवसर विस्तार गरे पनि असमानता, रोजगारीको अनिश्चितता, डिजिटल विभाजन र सामाजिक विश्वासको क्षयले न्यायपूर्ण तथा मानवकेन्द्रित विकासको प्रश्न उठाएका छन् । विकासको मूल्याङ्कन उत्पादनबाट मात्र होइन जीवनस्तर, अवसरको समानता, लाभको वितरण र भविष्य निर्धारण गर्ने क्षमताबाट हुनुपर्छ । सूचना प्रविधि र सामाजिक सञ्जालले अभिव्यक्ति, संगठन र नागरिक निगरानीका अवसर बढाएका छन् तर दुष्प्रचार, ुवीकरण र संस्थागत विश्वासको संकट पनि बढेको छ । दक्षिण एसियाका युवा आन्दोलनले रोजगारी, सुशासन, प्रतिनिधित्व र जवाफदेहीका प्रश्न उठाएका छन् । कृत्रिम बुद्धिमत्ता (एआई) ले विकास, रोजगारी र शासनलाई नयाँ चरणमा पुर्‍याएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको २०२५ अध्ययनअनुसार करिब एकचौथाइ कामदार एआईबाट प्रभावित हुन सक्ने रोजगारीमा छन् । तर अधिकांश रोजगारी हराउनेभन्दा कामको स्वरूप परिवर्तन हुने सम्भावना बढी छ । त्यसैले शिक्षा, सीप, नवप्रवर्तन र मानव क्षमतामा लगानी विकासको केन्द्र हुनुपर्छ । शक्तिराष्ट्रहरूले कूटनीति, आर्थिक सहयोग, विकास साझेदारी र सूचनामार्फत प्रभाव विस्तार गर्छन् । बाह्य प्रभावले निर्वाचन, नीति निर्माण वा विकास प्राथमिकतामा अस्वाभाविक असर पार्दा राजनीतिक स्वायत्तता, संस्थागत विश्वास र स्थिरता कमजोर हुन सक्छ । त्यसैले साना राष्ट्रका लागि लोकतन्त्र स्वतन्त्र निर्वाचनका साथै निर्णय प्रक्रियाको स्वायत्तता जोगाउने संस्थागत र रणनीतिक लचिलोपन पनि हो । नयाँ पुस्ताको ऊर्जा र पुरानो पुस्ताको अनुभवबीच द्वन्द्व होइन संवाद आवश्यक छ । लोकतन्त्रको शक्ति निर्वाचनमा मात्र होइन विश्वास, सहभागिता, सुशासन र जवाफदेहीमा निहित हुन्छ । एक्काइसौं शताब्दीको मूल प्रश्न ‘कसले शासन गर्छ ?’ मात्र नभएर ‘कसरी, कसका लागि र कति जवाफदेही भएर शासन गर्छ ?’ भन्ने पनि हो ।

**एसिया शक्ति प्रतिस्पर्धाबाट साझा सम्भावनातर्फ**

एक्काइसौं शताब्दीमा एसिया विश्व शक्ति, अर्थतन्त्र र जनसांख्यिकीको केन्द्र बन्दैछ । चीनको आर्थिक उदय, भारतको बढ्दो प्रभाव, जापान र दक्षिण कोरियाको प्रविधिगत क्षमता तथा आसियानको सक्रियताले विश्व शक्तिको केन्द्र एसियातर्फ सर्दै गएको देखाउँछन् । ठूलो जनसंख्या, विशाल बजार, उत्पादन क्षमता, प्रविधि र युवा श्रमशक्ति यसका आधार हुन् । तर एसियाको शक्ति आर्थिक र सामरिकमात्र होइन हिन्दु, बौद्ध, कन्फ्युसियस, इस्लामलगायत विविध सभ्यता, संस्कृति र जीवनदृष्टिको सहअस्तित्व पनि यसको विशिष्ट सम्पदा हो । यही विविधता प्रतिस्पर्धाको कारण नभई संवाद, सहअस्तित्व र साझा समृद्धिको आधार बन्न सक्छ ।

**बदलिँदो क्षेत्रीय सुरक्षा र नयाँ साझेदारी**

अमेरिका-चीन प्रतिस्पर्धा, भारत-चीन सम्बन्ध तथा इन्डो-प्यासिफिक, आसियान, क्वाड, अउकस र बीआरआईजस्ता पहलले एसियाको शक्ति समीकरण र सुरक्षा वातावरण पुन:परिभाषित गरिरहेका छन् । सार्क र बिमस्टेक तथा ऊर्जा, व्यापार र सम्पर्क सहकार्यले प्रतिस्पर्धाबीच पनि सहकार्यको सम्भावना देखाएका छन् । क्षेत्रीय सुरक्षा संरचनामा धार्मिक वा जातीय पहिचानमा आधारित ध्रुवीकरणका प्रवृत्तिसमेत देखिन्छन् । साउदी अरब, पाकिस्तान र टर्कीबीचको मक्का संयुक्त रक्षा सम्झौताजस्ता पहलले नयाँ सुरक्षा समीकरणको संकेत गर्छन् । यस्तो सहकार्यले सुरक्षा क्षमता बढाए पनि धार्मिक वा जातीय विभाजनलाई रणनीतिक प्रतिस्पर्धाको आधार बन्न नदिई संवाद, समावेशी सुरक्षा र सहअस्तित्वलाई प्राथमिकता दिनुपर्छ । भारत र चीनबीच अवस्थित नेपालका लागि छिमेकी सम्बन्ध सुरक्षा र परराष्ट्र नीतिमात्र नभई अर्थतन्त्र, सम्पर्क, ऊर्जा, सीमा व्यवस्थापन र राष्ट्रिय स्वायत्ततासँग जोडिएको रणनीतिक प्रश्न हो । दुवै छिमेकीसँग पारस्परिक सम्मान, समानता, विश्वास र राष्ट्रिय हितमा आधारित सम्बन्ध कायम गर्दै शक्ति ध्रुवको प्रतिस्पर्धामा नफसी रणनीतिक स्वायत्तता र सन्तुलित कूटनीति अवलम्बन गर्नुपर्छ । सीमा विवाद आपसी सद्भाव, प्रमाण र ऐतिहासिक अभिलेखका आधारमा कूटनीतिक माध्यमबाट समाधान हुनुपर्छ । लिपुलेक-लिम्पियाधुरा-कालापानी नेपालको सार्वभौमिकता र राष्ट्रिय संवेदनशीलतासँग जोडिएको विषय हो । नेपालको धारणा र कूटनीतिक पहललाई बेवास्ता गरी विवादित भूभागमा गतिविधि अघि बढाइनु दीर्घकालीन समाधान होइन । अनियमित आप्रवासन, परिचय प्रमाणीकरण, मानव तस्करी र सीमा व्यवस्थापन महत्त्वपूर्ण सुरक्षा सरोकार हुन् । नेपाल १९५१ को शरणार्थी महासन्धि र १९६७ को प्रोटोकलको पक्षराष्ट्र होइन र शरणार्थीसम्बन्धी व्यापक राष्ट्रिय कानुनी व्यवस्था पनि छैन । नेपालको सुरक्षा र समृद्धिको आधार कुनै शक्ति ध्रुवसँगको निकटता नभई सबैसँग विश्वास, राष्ट्रिय हितमा रणनीतिक स्वायत्तता र सन्तुलित क्षेत्रीय सहकार्य हो ।

**साझा भविष्य**

नेपालले के योगदान गर्न सक्छ ? बदलिँदो विश्व व्यवस्था शक्ति प्रतिस्पर्धाबाट मात्र निर्देशित हुन सक्दैन । यसको भविष्य सहकार्य, सहअस्तित्व, साझा सुरक्षा र मानवकेन्द्रित विकासमा निर्भर छ । शक्ति पर्याप्त छैन त्यससँगै जिम्मेवारी, न्याय र उत्तरदायित्व आवश्यक छन् । राष्ट्रिय हित र अन्तर्राष्ट्रिय सहकार्यबीच सन्तुलन आवश्यक छ । नेपाल विश्वशक्ति होइन । तर हिमालयीय भूगोल, जलसम्पदा, सभ्यतागत विविधता, शान्तिको अनुभव र रणनीतिक अवस्थितिले उसलाई विशिष्ट सम्भावना दिएको छ । नेपालले भूगोललाई अवसर र विविधतालाई शक्ति बनाउँदै शान्ति, जलवायु न्याय, हिमालय संरक्षण र क्षेत्रीय सहकार्यमा योगदान दिन सक्छ । नेपालको भूमिका कुनै शक्ति ुवको पक्ष लिनु नभएर सबैसँग मित्रता, राष्ट्रिय हितमा रणनीतिक स्वायत्तता र साझा हितमा सक्रिय सहकार्य हो । युवा शक्तिलाई दक्ष मानव पुँजी र सभ्यतागत सम्पदालाई विश्व योगदानमा रूपान्तरण गर्दै नेपालले बदलिँदो विश्व व्यवस्थामा आफ्नो स्थान निर्माण गर्न सक्छ ।

*(सशस्त्र प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक तथा केन्द्रीय कार्यसम्पादन समिति सदस्य, राप्रपा)*
*-बाह्रखरी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक पक्षमा नयाँ सम्भावना देखिन सक्छ। सामाजिक भेटघाटमा प्रभाव बढ्नेछ। | **तुला**: व्यक्तिगत योजना बनाउन राम्रो समय हो। तालिमतर्फ प्रगति हुनेछ। |
| **वृष** : स्वास्थ्यमा खानपान मिलाउनु राम्रो हुनेछ। टाढाको यात्राको योजना बन्न सक्छ। | **वृश्चिक** : सहयोग गर्ने अवसर मिल्नेछ। शरीरलाई थकान नदिनु राम्रो हुन्छ। |
| **मिथुन** : नयाँ जिम्मेवारीले काममा व्यस्तता बढाउनेछ। खर्च घटाउने सोच बन्न सक्छ। | **धनु** : बाहिरी सम्पर्कबाट राम्रो खबर आउन सक्छ। व्यापारमा अवसर देखिनेछ। |
| **कर्कट** : अनुभवी व्यक्तिको सुझाव उपयोगी हुनेछ। आराम गर्नु राम्रो हुन्छ। | **मकर** : काममा मेहनतको राम्रो मूल्य पाउने समय हो। उपयोगी सम्बन्ध बन्नेछ। |
| **सिंह** : नयाँ योजना बनाउन सकिनेछ। व्यक्तिगत सम्बन्धमा नजिकपन बढ्नेछ। | **कुम्भ**: सहकार्यको प्रस्ताव आउन सक्छ। सार्वजनिक क्षेत्रमा सक्रियता बढ्नेछ। |
| **कन्या** : आर्थिक समस्या मिल्ने संकेत छ। काममा रोकिएको विषय अघि बढ्नेछ। | **मीन** : परिवारसँगको सम्बन्धमा आत्मीयता बढ्नेछ। मनमा शान्ति र सन्तोष रहनेछ। |

कृषि

# रासायनिक मलको खोजीमा धनकुटाका किसान, मागको ४० प्रतिशत मात्रै आपूर्ति



धनकुटा नगरपालिका वडा नं. ९ बेलहाराको रोइला टोलस्थित जाल्पादेवी कृषि सहकारीको बिक्री केन्द्रमा आउने किसानको एउटा मात्रै अपेक्षा रहेको हुन्छ, त्यो हो आफ्नो बालीका लागि आवश्यक रासायनिक मल पाइयोस् । तर, सहकारीमा जुन अपेक्षाले किसान त्यहाँ पुग्छन् निराश भएर फर्कन बाध्य रहेका छन् । सहकारीमा पुग्ने २ सय ५० देखि ३ सय किसानमध्ये अधिकांश निराश भएर फर्किनुपर्ने अवस्था छ । धान, कोदो र गोलभेडा लगायतका बालीमा रासायनिक मल प्रयोग गर्ने मुख्य समयमा नै मल नपाउँदा किसानको चिन्ता बढेको छ । खेतमा बाली हुर्किरहेको छ, तर त्यसलाई आवश्यक युरिया र डिएपी भने किसानको पहुँचमा छैन । बेलहराका किसानका लागि मलको अभाव यस वर्षको खेतीपातीमा थपिएको गम्भीर समस्या बनेको छ । समयमै मल नपाउँदा बालीको वृद्धि प्रभावित भएको र उत्पादन घट्ने जोखिम बढेको किसानहरु बताउँछन् । आवश्यक समयमा मल नपाउँदा बाली राम्रोसँग सप्रिन नसकेको क्रान्ति अर्धव्यवसायिक कृषक समूहका अध्यक्ष वेदप्रसाद रोइलाले बताए । 'बालीमा मल हाल्ने बेला यही हो, तर आवश्यक मल नै पाइँदैन', उनले भने, 'समयमै मल नपाए उत्पादनमा असर पर्ने चिन्ता रहेको छ ।' सहकारीले कृषि सामग्री तथा साल्ड ट्रेडिङबाट मल ल्याएर दिने बताउने गरेको भएपनि त्यो कहाँ हो, कहिले ल्याउने बारे जानकारी नभएको रोइलाले बताए । जाल्पादेवी कृषि सहकारीले किसानको मागअनुसार हरेक महिना करिब ३ सय बोरा रासायनिक मल माग गर्ने गरेको छ । तर कृषि सामग्री कम्पनीबाट सहकारीले प्राप्त गर्ने मलको मात्रा मागको तुलनामा निकै कम छ । सहकारीले अहिले मासिक २५ देखि ३० बोरा मात्रै मल प्राप्त भइरहेको छ । माग र आपूर्तिबीचको ठूलो अन्तरका कारण सहकारीलाई किसानलाई आवश्यक परिमाणमा मल वितरण गर्न कठिन भएको सहकारीका व्यवस्थापक विष्णुप्रसाद रोइलाले बताए । 'एक किसानलाई एक बोरा मल आवश्यक पर्छ भने पनि हामीले ५ किलोदेखि बढीमा २५ किलोसम्म मात्रै दिनुपर्ने अवस्था छ', उनले भने । मलको सीमित आपूर्तिका कारण सहकारीमा आउने सबै किसानलाई समान रुपमा मल वितरण गर्न पनि चुनौती भइरहेको छ । किसानको आवश्यकता ठूलो भए पनि उपलब्धता न्यून हुँदा सहकारीले मागअनुसार मल दिन सकेको छैन । धनकुटाको बेलहाराका किसान र जाल्पादेवि सहकारी मल अभाव झेलिरहेका उदाहरण मात्रै हुन् । धनकुटामा रासायनिक मलको अभाव बेलाहरामा मात्रै मात्रै सीमित छैन । धनकुटामा किसानको मागको करिब ४० प्रतिशत मात्रै युरिया र डिएपी उपलब्ध गराउन सकिएको कृषि सामग्री कम्पनी धनकुटाले जनाएको छ । धनकुटाका लागि एकपटकमा करिब २ सय मेट्रिक टन युरिया र एक सय मेट्रिक टन डिएपीको कोटा निर्धारण हुने गरेको छ । वर्षमा १३ देखि १४ पटकसम्म कोटाअनुसार मल आयात हुने व्यवस्था भए पनि पछिल्लो समय मागको करिब ४० प्रतिशत मात्रै आपूर्ति हुन सकेको कृषि सामग्री कम्पनी धनकुटाका निमित्त प्रमुख कृष्णनन्दन साहले बताए । उनका अनुसार पछिल्लो समय आपूर्ति कम भएकाले जिल्लामा किसानको मागअनुसार मल वितरण गर्न कठिन भइरहेको छ । मलको आपूर्ति नियमित नहुँदा यसको प्रत्यक्ष असर खेतीपातीमा पर्न थालेको किसानको भनाइ छ । धान र कोदोको उत्पादनमा मात्रै होइन, व्यावसायिक रुपमा गोलभेडा खेती गर्ने किसानसमेत मलको अभावबाट प्रभावित भएका छन् । मलको अभावले किसानलाई दुईतर्फी जोखिम बढाएको छ । एकातिर मल नपाउँदा बालीको वृद्धि कमजोर हुने चिन्ता छ भने अर्कोतिर समयमा मल प्रयोग गर्न नसके उत्पादनमा कमी आउन सक्ने किसानको भनाइ छ । किसानका अनुसार मल बालीमा प्रयोग गर्ने निश्चित समय हुन्छ । त्यो समय बितेपछि पछि मल उपलब्ध भए पनि त्यसले अपेक्षित परिणाम दिन नसक्ने भएकाले अहिलेको अभावले किसानलाई निकै चिन्ताले सताएको किसानको भनाइ छ ।

**मल अभावसँगै कालोबजारीको गुनासो**

मलको अभाव बढिरहेका बेला केही सहकारीले मल लुकाएर राख्ने तथा तोकिएको मूल्यभन्दा बढीमा बिक्री गर्ने गरेको गुनासो समेत प्रशासनमा पुगेको छ । मल आपूर्तिका विषयमा गुनासो आएपछि जिल्ला प्रशासन कार्यालय धनकुटाले विभिन्न सहकारीमा छड्के अनुगमन समेत गरेको छ । सहकारीले मल लुकाएर कालोबजारी गरेको गुनासोका आधारमा अनुगमन गरिएको धनकुटाका सहायक प्रमुख जिल्ला अधिकारी लेखनाथ न्यौपानेले जानकारी दिए । उनका अनुसार हेलो सरकारमार्फत स्थानीय तहले तोकेको भन्दा बढी मूल्यमा मल बिक्री गरिएको गुनासो आएको थियो । अनुगमनका क्रममा कतिपय सहकारीमा बिल प्याड प्रयोग भएको नपाइएको न्यौपानेले बताए । प्रशासनले मलको वास्तविक आपूर्ति, वितरण प्रक्रिया र बिक्री मूल्यबारे निगरानी बढाउन थालेको जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले किसानले सहज रुपमा मल पाउन सहजीकरण भइरहेको बताए ।

*-अनलाइन खबर डटकम*

# धनकुटामा खोजिँदै कोदोको उपयुक्त जात, बारीमै वैज्ञानिक परीक्षण



धनकुटामा १० जातको कोदो रोपेर उत्पादन, अनुकूलता र सम्भावनाको अध्ययन सुरु गरिएको छ । धनकुटा नगरपालिका वडा नं. ८ खाम्बेलाको बारीमा १० जातका कोदो रोपेर परीक्षण सुरु गरिएको हो । एउटै बारीमा फरकफरक जातका कोदो रोपेर वैज्ञानिक अनुसन्धान सुरु गरिएको हो । भट्ट हेर्दा हेर्दा सामान्य कोदो खेतीजस्तै देखिए पनि साना-साना प्लटभित्र कोदो रोपेर अनुसन्धान सुरु गरिएको हो । कुन जातको कोदो यहाँको माटो र हावापानीमा राम्रो हुन्छ ? कुन जातले बढी उत्पादन दिन्छ ? किसानले कुन जात रोज्दा बढी लाभ लिन सक्छन् ? भन्ने बारेमा जानकारी लिन खाम्बेलामा कोदोका १० जातको जातीय परीक्षण सुरु गरिएको हो ।स्थानीय समुदायदेखि कृषि अनुसन्धानसँग सम्बन्धित विभिन्न निकायको सहकार्यमा अनुसन्धान सुरु गरिएको हो । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) आयोजना तथा धनकुटा नगरपालिका, कृषि ज्ञान केन्द्र धनकुटा तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत प्राकृतिक स्रोत व्यवस्थापन कलेज पाखिबास, धनकुटाको सहकार्यमा अनुसन्धान सुरु गरिएको हो । नेपालको पहाडी क्षेत्रमा परम्परादेखि खेती हुँदै आएको महत्वपूर्ण रैथाने बाली कोदो हो । तर, पछिल्लो समय उत्पादन प्रणालीमा आएको परिवर्तन, श्रमको अभाव, बजारको सीमितता र किसानको अन्य बालीप्रतिको आकर्षणका कारण धेरैजसो स्थानमा कोदो खेतीको क्रम निरन्तर घट्दै गएको पाइन्छ । त्यसैले कोदोका सम्भावित उन्नत जात पहिचान गरी किसानसम्म पुर्‍याउने उदेश्य अनुसन्धान सुरु गरिएको नेपाल कृषि अनुसन्धान परिषद्का वरिष्ठ वैज्ञानिक तथा कोदो विज्ञ डा. कृष्णहरि घिमिरेले बताए । खाम्बेलामा सञ्चालन गरिएको कार्यमुखी अनुसन्धानमा कोदोका विभिन्न १० वटा जात समावेश गरिएको छ । जसमा उन्नत जातका, परीक्षणका क्रममा रहेका जात तथा स्थानीय जातलाई अनुसन्धान मार्फत तुलनात्मक अध्ययन गर्न थालिएको छ । अनुसन्धानमा ओख्ले, डल्ले, काभ्रे-१, काभ्रे-२ र सैलुङ गरी पाँच वटा उन्नत जात रहेका छन् भने परिक्षणका क्रममा रहेका केएलइ १५८, केएलइ १५९ र केएलइ २३६ नामक तीन वटा जात अनुसन्धानमा राखिएका छन् । यस्तै धनकुटामा स्थानीय रुपमा प्रचलनमा रहेका लुली र मुड्की गरी दुई स्थानीय जात पनि अनुसन्धानमा समावेश गरिएको छ । वैज्ञानिक विधिअनुसार तीन फरक लाइनमा ३० वटा साना क्षेत्र बनाएर कोदो रोपिएको छ । प्रत्येक जातको वृद्धि, विकास र उत्पादनसम्बन्धी विशेषता अध्ययन गर्दै स्थानीय परिस्थितिमा कुन जात बढी उपयुक्त देखिन्छ भन्ने मूल्यांकन गरिने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का कमल अर्यालले जानकारी दिए ।

**किसान आफैं अनुसन्धानकर्ता**

कोदो बालीको यो अनुसन्धानमा सबैभन्दा महत्वपूर्ण पक्ष भनेको किसानको सहभागितालाई लिइएको छ । सामान्यतया प्रयोगशाला वा अनुसन्धान केन्द्रमा हुने परीक्षणको नतिजा किसानसम्म पुग्न समय लाग्ने गरेको छ । तर, खाम्बेलाको अनुसन्धानमा किसानले आफ्नै खेतमा विभिन्न जातलाई हुर्किएको देख्ने, तुलना गर्ने र त्यसका विशेषता बुझ्ने अवसर पाउने भएका छन् । कुन जातको बोट अग्लो हुन्छ, कुनमा राम्रो बालि लाग्छ, कुन जात स्थानीय वातावरणसँग सहज रुपमा अनुकूल हुन्छ र उत्पादनका दृष्टिले कुन जात बढी प्रभावकारी देखिन्छ भन्ने कुरा किसानले प्रत्यक्ष अवलोकन गर्न सक्ने भएका छन् । जसले अनुसन्धानको नतिजालाई कागजमा मात्र सीमित नराखी किसानको अनुभवसँग जोड्ने अपेक्षा गरिएको छ । पछिल्लो समय कृषि क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव बढ्दै गएको छ । जसले गर्दा स्थानीय परिवेशमा अनुकूल हुने बाली र जातको पहिचान गर्न समस्या हुँदै गएको छ । अनिश्चित वर्षा, तापक्रममा परिवर्तन, खडेरी तथा अन्य मौसमी जोखिमले परम्परागत कृषि प्रणालीमा चुनौती थपिरहेको अवस्थामा स्थानीय वातावरणमा राम्रोसँग उत्पादन दिन सक्ने जात पहिचान गर्नु आवश्यक बन्दै गएको छ । अनुसन्धान पछि आगामी दिनमा धनकुटामा कुन जात विस्तार गर्दा किसानलाई फाइदा हुन्छ भन्ने निष्कर्ष आउने बताइएको छ ।

**बारीबाट बजारसम्मको योजना**

कोदो उत्पादन बढाउनु मात्र उपयुक्त भने पक्कै होइन । किसानले उत्पादन गरेको कोदोको उचित मूल्य सहितको बजार भने अति आवश्यक रहेको हुन्छ । यसैलाई ध्यानमा राख्दै धनकुटा नगरपालिकाले अनुसन्धानबाट छनोट हुने उपयुक्त जातको प्रवर्द्धन र बजारीकरणमा सहयोग गर्ने जनाएको छ । नगरपालिकाले कोदो तथा अन्य रैथाने बालीको प्रशोधनमा सहयोग गर्नुका साथै बजारसँग सहजीकरण गर्ने योजना बनाएको धनकुटा नगरपालिकाका आर्थिक विकास अधिकृत विकास अधिकारीले बताए ।

*-रातोपाटी डटकम*

# व्यवसायीलाई कपास खेतीमा लगानी गर्न आह्वान



उद्योगमन्त्री गौरीकुमारी यादवले व्यवसायी तथा निजी क्षेत्रलाई कपास खेतीमा लगानी गर्न आह्वान गरेकी छन् । नेपालमा कपडा उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ कपास ठूलो मात्रामा आयात गर्नुपर्ने अवस्था अन्त्य गर्न यस्तो अनुरोध गरिएको हो । मन्त्री यादवले स्वदेशमै कपास उत्पादन र कपडा उद्योगको कच्चा पदार्थको आपूर्ति सुनिश्चित गर्ने उद्देश्यले व्यवसायीहरूलाई कपास खेतीतर्फ आकर्षित हुन आग्रह गरेकी हुन् । मन्त्री यादवले कृषि मन्त्री गीता चौधरीसँग समेत भेट गरी नेपालमा कपास खेती विस्तार गर्ने विषयमा छलफल गरेकी थिइन् । छलफलका क्रममा कृषि मन्त्री चौधरीले दाङ, बाँके, बर्दियालगायतका जिल्लामा कपास खेतीका लागि उपयुक्त वातावरण रहेको बताइन् । नेपालमा कपास खेतीको सम्भावना रहे पनि व्यावसायिक रूपमा ठूलो क्षेत्रफलमा खेती हुन नसक्दा उद्योगहरूले आवश्यक कच्चा पदार्थका लागि विदेशमा निर्भर हुनुपर्ने अवस्था छ । सरकारले कपडा उद्योगसँगै कपास उत्पादनलाई पनि जोड दिन सके आयात प्रतिस्थापन, रोजगारी सिर्जना र किसानको आम्दानी वृद्धि गर्न सकिने अपेक्षा गरिएको छ । यता लामो समयदेखि बन्द रहेको बुटवल धागो कारखाना पुन: सञ्चालन गर्ने प्रक्रिया समेत अगाडि बढेको उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेतले जानकारी दिएका छन् । कारखाना समेत संचालन गर्ने सम्बन्धमा सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्ने कार्य अन्तिम चरणमा पुगेको उनले जनाए ।*-बाह्रखरी डटकम*

# कोदोबाली जोगाउन भीमफेदी गाउँपालिकाले किसानलाई नगद अनुदान दिने



मकवानपुरको भीमफेदी गाउँपालिकाले कोदोबालीतर्फ किसानलाई आकर्षित गर्न नगद अनुदान कार्यक्रम सञ्चालन गर्ने भएको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'रैथाने बाली खेती प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रम' सञ्चालन गर्न लागेको हो । गाउँपालिकाका अध्यक्ष हिदम लामाका अनुसार लोप हुने जोखिममा रहेका रैथाने बाली जोगाउने र कृषकलाई यसतर्फ आकर्षित गराउने उद्देश्यका साथ यो कार्यक्रम ल्याइएको हो । पालिकाका सबै वडामा कोदो खेती गर्ने किसान तथा कृषि फर्मले यो प्रोत्साहन अनुदानका लागि आवेदन दिन सक्नेछन् । अनुदान पाउनका लागि कोदो खेती गरिएको क्षेत्रफल कम्तीमा दुई रोपनी वा सोभन्दा बढी हुनुपर्नेछ । अनुदानको एकाइ भने प्रतिरोपनीका आधारमा निर्धारण गरिएको छ । अनुदानका लागि पालिकाको कृषि विकास शाखाले सूचना प्रकाशित गर्दै भीमफेदी गाउँपालिकामा स्थायी ठेगाना भएका इच्छुक कृषक तथा कृषि फर्मलाई आवेदन आह्वान गरेको छ । प्रमुख प्रशासकीय अधिकृत चेतनाथ न्यौपानेका अनुसार इच्छुक कृषक तथा कृषि फर्महरूले पालिका कार्यालयको कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा आवेदन दर्ता गर्न सक्नेछन् । गाउँपालिकाले किसानलाई आर्थिक वर्ष २०८३/०८४ को कृषि कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका-२०८० को संशोधित व्यवस्था बमोजिम अनुदान उपलब्ध गराउने छ । गाउँपालिकाले परम्परागत रूपमा उत्पादन हुँदै आएको कोदो खेतीलाई पुन: प्रोत्साहन गर्ने नीति लिएपछि स्थानीय कृषकहरू खुसी भएका छन् । स्थानीय कृषक विजय पुडासैनीले भने, 'अहिले विशेषगरी नयाँ तथा बजारमुखी बालीतर्फ किसान आकर्षित भइरहेको बेला गाउँपालिकाले परम्परागत रैथाने बालीको संरक्षणमा सहयोग गर्नु निक्कै खुसीको कुरा हो । रैथाने बाली लगाउने चलन विस्तारै घट्दै गइरहेको अवस्थामा पालिकाले गरेको अनुदानको व्यवस्थाले आगामी दिनमा यसको खेती गर्ने मानिसहरू पक्कै बढ्ने छन् ।' अनुदान लिन चाहने कृषक तथा फर्मले आवेदनका साथमा नागरिकताको प्रतिलिपि र सम्बन्धित वडा कार्यालयको सिफारिस बुझाउनुपर्ने छ । फर्मको हकमा फर्म दर्ता प्रमाणपत्र, नवीकरणको प्रमाण, कर चुक्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (पान) प्रमाणपत्रको प्रतिलिपि समेत पेस गर्नुपर्ने गरी पालिकाले सूचना जारी गरेको छ ।

*-हाम्रा कुरा डटकम*



पाल्पाको तानसेनबाट निस्किएको पदयात्रा टोलीलाई बुटवलमा स्वागत गर्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेय, उपप्रमुख सावित्रा देवी अर्याल लगायतका जनप्रतिनिधि । नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पा च्याप्टरले आयोजना गरेको 'पाल्पाली पहिचान, सेनकालीन इतिहास' भन्ने नारासहित निस्किएको पदयात्र टोलीले शनिबार धार्मिक तथा पर्यटकीयस्थल सिद्धाबाबा मन्दिर, जितगढी, नुवाकोट गढी हुँदै जन्तीलुङ्का ऐतिहासिक पर्यटकीयस्थलको अवलोकन गरेको छ । नाट्टाले साउन महिनाको हरेक शनिबार पदयात्रा गर्दै आएको छ ।

*तस्वीर : रामचन्द्र रायमाझी/ एनजेडी*

# अवैध लागूऔषध सहित ...

...यस्तै कास्कीको पोखरा महानगरपालिका-१ सिम्पानीबाट नियन्त्रित लागूऔषध टापेन्टाडोल २ सय २० ट्याब्लेट सहित सोही महानगरपालिका-१९ लामाचौर बस्ने २५ वर्षीय सन्दिप गुरूङ समेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय बगरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा पोखरा महानगरपालिका-१ सिम्पानी बस्ने २१ वर्षीय लुकास तामाङले सोही महानगरपालिका-२५ हेम्जास्थित डेरा कोठामा लागूऔषध राखेको भन्ने खुल्न आए पश्चात उनको कोठा तलासी गर्दा नियन्त्रित लागूऔषध टापेन्टाडोल ८ सय ट्याब्लेट फेला पारी उनलाई समेत प्रहरीले पक्राउ गरेको छ ।

मोरङको सुन्दरहरैँचा नगरपालिका-५ खोक्सीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय ९० मिलिग्राम सहित सोही ठाउँ बस्ने २२ वर्षीय प्रसान्त मगरलाई प्रहरीले पक्राउ गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी मोरङको लेटाङ नगरपालिका-३ विरनटोलबाट अवैध लागूऔषध गाँजा करिब १ सय ग्राम सहित सोही ठाउँ बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो । कैलालीको धनगढी उपमहानगरपालिका-८ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम १ सय ३० मिलिग्राम सहित सोही उपमहानगरपालिका-५ बस्ने २० वर्षीय क्रिस बम समेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।यसैगरी मोरङको कानेपोखरी गाउँपालिका-६ नर्सरी डाँडाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ५ सय मिलिग्राम सहित सोही गाउँपालिका-४ बस्ने २४ वर्षीय निमेस घिमिरेलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी रमाईलोबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै सुनसरीको इटहरी उपमहानगरपालिका-१० शिवनारायण टोल बस्ने ४१ वर्षीय मोहन गुरूङ समेत ३ जनालाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ ग्राम ८ सय ५० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले मोहनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस्तै बर्दियाको बढैयाताल गाउँपालिका-२ बाट अवैध लागूऔषध खैरो हेरोइन करिब ३ सय ४९ ग्राम ३ सय ६० मिलिग्राम सहित बढैयाताल गाउँपालिका-२ बस्ने ५२ वर्षीय दिवे सुनारलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नेपालगंजबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको छ । धनुषाको विदेह नगरपालिका-८ बफैबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ३९ ग्राम ३ सय ६० मिलिग्राम सहित सोही ठाउँ बस्ने २८ वर्षीय उमेश मण्डललाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । झापाको बिर्तामोड नगरपालिका-३ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ सय ९० मिलिग्राम सहित सोही नगरपालिका-१ बस्ने ४० वर्षीय सन्तोष राजबंशीलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले प्र.१-०१-००२ ह ७८६६ नम्बरको सिटि सफारीमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

यस्तै ललितपुरको ललितपुर महानगरपालिका-२९ हरीसिद्दी गुमथचोकबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ६० ट्याब्लेट र अवैध लागूऔषध पोलेन ४ ग्राम सहित सोही ठाउँ बस्ने महोत्तरी बर्दिबास नगरपालिका-२ घर भएका २५ वर्षीय सुरज तामाङ समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग हरीसिद्दीबाट खटिएको प्रहरीले ना.३३ प ६४५४ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यसैगरी ललितपुरको महालक्ष्मी नगरपालिका-३ ईमाडोलबाट नियन्त्रित लागूऔषध टापेन्टाडोल ७ सय १० ट्याब्लेट र प्रेगाब्लिन २४ ट्याब्लेट सहित सोही ठाउँ बस्ने बाजुरा घर भएका २९ वर्षीय खगेन्द्र बहादुर राउतलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त सातदोबाटोबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

## खेलकुद समाचार

# ३०० विकेट लिने नवौँ अस्ट्रेलियन बने हेजलउड



**काठमाडौं,** साउन ३०/जोश हेजलउड टेस्ट क्रिकेटमा ३०० विकेट लिने अस्ट्रेलियाका नवौँ बलर बनेका छन् । घरेलु मैदान डार्विनमा बङ्गलादेशसँगको पहिलो टेस्टमा ६ विकेट लिएसँगै ३५ वर्षीय बलरले यो उपलब्धि हासिल गरेका हुन् ।

हेजलउड आफ्ना सहकर्मीहरू नाथन लियोन, प्याट कमिन्स र मिचेल स्टार्कसँगै 'टेस्ट-३०० क्लब' मा सामेल भएका छन् । यी ४ जना खेलाडी ३०० विकेट लिइसकेपछि सँगै खेल्ने इतिहासकै एकमात्र टोलीका सदस्य हुन् । टेस्ट क्रिकेटमा ३०० विकेट लिने ९ जना अस्ट्रेलियाली बलरमध्ये ग्लेन म्याकग्रा (२१.६४), कमिन्स (२२.२१) र डेनिस लिली (२३.९२) ले मात्र हेजलउडको २४.०२ को भन्दा राम्रो औसतमा यो उपलब्धि हासिल गरेका छन् । हेजलवुडले चोटका कारण अस्ट्रेलियाका पछिल्ला १४ टेस्टमध्ये केवल ६ वटामा मात्र खेलेका छन् र १ वर्षपछि टेस्ट क्रिकेटमा फर्किएका हुन् । यसैबीच डार्विनमा चलिरहेको टेस्टमा तेस्रो दिनको खेल सकिँदा अस्ट्रेलियाले दोस्रो पारीमा ४ विकेट गुमाएर १६१ रन बनाएको छ । अस्ट्रेलिया अझै ६७ रनले पछि छ । पहिलो पारीमा बङ्गलादेशले ४२६ र अस्ट्रेलियाले १९८ रन बनाएको थियो ।


**वर्गिकृत डिस्प्ले**

**१X५ साइजमा मात्र**

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


**पछ्यौटेपन उन्मूलन समाज (बेस) नेपाल**

BES-Nepal

निस्दी गाउँपालिका -१, पाल्पा

## सवारी साधनको लिलाम बिक्री सम्बन्धी सूचना

***प्रथम पटक प्रकाशित मितिः २०८३।०४।३१***

यस कार्यालयको प्रयोगमा रहेको लु १ च ५२२० नम्वरको सवारी साधन कार्यालयको मिति २०८३/०१/१२ को निर्णयानुसार सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनीहरूले न्यूनतम मूल्याङ्कित रकमको २०% (बीस प्रतिशत) ले हुन आउने रकम धरौटी बापत जम्मा गरेको सक्कल भौचर, यस कार्यालयबाट खरिद गरिएको बोलपत्र कागजात र अन्य आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रीतपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

***(नोटः सूचनाको विस्तृत विवरण तथा लिलाम बिक्री सम्बन्धी अन्य आवश्यक कुराहरू यस कार्यालयको सूचना पार्टीमा हेर्न सकिनेछ । साथै थप जानकारीका लागि कार्यालयको फोन नं. ९८४७३३५४७५ र ९८५७०६०१७२ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।)***

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चापपानी गाविस-१, हाल बगनासकाली गाउँपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. 5038795 X का NK/TS बुद्धि मान थापा (ना.प्र.मा बुद्धि मान श्रेष्ठ) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा प्रेम कुमारी र जन्म मिति सन् १९५५ अगष्ट १९ (वि.स.२०१२/०५/०३) र नेपाली नागरिकता प्रमाणपत्रमा प्रेम कुमारी श्रेष्ठ, जन्म मिति वि.स. २०११/०४/१५ (सन् १९५४ जुलाई ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको बौघा पोखराथोक गाविस-३ नामिकुवा, हाल तानसेन नगरपालिका-१२ निवासी भारतिय भू.पू.सैनिक नं. 5244057 N का TS/NK गगन बहादुर थापा (ना.प्र.मा गगन बहादुर बगाले थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा कान्ति सरा थापा र जन्म मिति सन् १९६४ जनवरी १० (वि.स.२०२०/०९/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा कान्ति सरा बगाले, जन्म मिति वि.स. २०१८/१२/०१ (सन् १९६२ मार्च १४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-९, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 419821 X का सुवेदार बेग बहादुर थापा (ना.प्र.मा बेग बहादुर गाहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा धनी सरा थापा र जन्म मिति सन् १९६१ जनवरी १५ (वि.स.२०१७/१०/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा धनी सरा गाहा, जन्म मिति वि.स. २०१८/०९/१५ (सन् १९६१ डिसेम्वर २९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको नायर नम्तलेस गाविस-७, हाल तानसेन नगरपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5240860 P का हवलदार राम बहादुर थापा (ना.प्र.मा राम बहादुर कवर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा शान्ती कुमारी र जन्म मिति सन् १९५३ जुलाई २१ (वि.स.२०१०/०४/०६) र नेपाली नागरिकता प्रमाणपत्रमा शन्ती कुमारी कवर थापा, जन्म मिति वि.स. २०११/०२/१५ (सन् १९५४ मे २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःकैलाशनगर-५,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादकः रामचन्द्र रायमाझी, प्रधान सम्पादकः जगदीशप्रसाद भट्टराई